**पूर्ण इजलास**

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री कमलनारायण दास,** ०६८-CF-०००३, ०००४, भ्रष्टाचार, *वीरेन्द्रकुमार कर्ण वि. न्याय परिषद्, न्याय परिषद् वि. वीरेन्द्रकुमार कर्ण*

अनाधिकृत र गैरकानूनी रूपमा हासिल गरेको प्रमाणलाई अदालतले मान्यता प्रदान गर्दैन । कुनै पनि गैरकानूनी खानतलासी वा गैरकानूनी सोधपुछले प्राप्त प्रमाणलाई मात्र दूषित गर्दैन । यो प्रक्रियाबाट पत्ता लगाएको तथ्यलाई पनि दूषित गर्दछ । यस प्रकारको गैरकानूनी खानतलासी वा सोधपुछबाट प्राप्त गरेको प्रमाण प्रतिवादीको विरूद्धमा स्वीकार गर्नु विषवृक्षको फलसम्बन्धी सिद्धान्त (Fruit of Poisonous Tree Doctrine) विपरीत हुन जान्छ । यदि प्रमाण संकलनको स्रोत, अधिकारक्षेत्र, र प्रक्रिया नै दूषित छ भने त्यसको परिणामस्वरूप प्राप्त प्रमाण ग्रहणयोग्य हुन नसक्ने ।

प्रारम्भिक अनुसन्धान तहकीकात गर्ने भ्रष्टाचार नियन्त्रण शाही आयोग वा प्रमुख जिल्ला अधिकारी वा प्रहरी कर्मचारीको प्रारम्भिक अनुसन्धान तहकीकातलाई सूचना वा जानकारीको रूपमा ग्रहण गरी न्यायपरिषद्बाट गराइएको जाँचबुझको कामकारवाही समेत भ्रष्टाचार नियन्त्रण शाही आयोगको अनुसन्धान कारवाहीसँग अन्तनिर्भर रहेबाट संविधान र कानूनप्रतिकूल हुन सक्ने वा नसक्ने सम्बन्धमा असमञ्जस्यताको स्थिति सिर्जना भएको छ भन्ने यस अदालतको संयुक्त इजलासको रायसँग सहमत हुन सकिने अवस्था देखिएन । गैरकानूनी स्रोत र प्रक्रियाबाट उठान भएको कारवाही र त्यसको निरन्तरता अन्तिम अवस्थासम्म पनि गैरकानूनी हुने ।

विशेष इजलासबाट मिति २०६२।११।१ मा भएको फैसलाले शाही आयोगलाई गैरसंवैधानिक ठहर गरिसकेको र सो आयोगले गरेको सम्पूर्ण कार्यहरू गैरकानूनी भइसकेको तथा शाही आयोगको ज्यादतीका सम्बन्धमा जाँचबुझ गर्न माधवप्रसाद ओझाको अध्यक्षतामा गठित आयोगले शाही आयोगका कार्यलाई गैरकानूनी भनी त्यसमा संलग्न सबै अनुसन्धान अधिकृत समेतलाई दोषी करार गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५३ अनुसार विभागीय कारवाही गर्न सिफारिश गरेको समेत परिप्रेक्ष्यमा वादी दावीबाट प्रतिवादी वीरेन्द्रकुमार कर्णले सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेकै देखिएकोले सदर हुने ठहर्छ । तर वादी दावी नभएको विषयमा बरामद भएको सापटी रकम रू. २०,०००।- जफत गरी पदीय आचारसंहिताविपरीत कार्य गरेको भनी प्रतिवादीलाई आवश्यक कारवाही गर्न न्याय परिषद्लाई र मेघराज भट्टको हकमा कानून व्यवसायी परिषद्मा जानकारी दिने भन्ने मिति २०६५।१।२६ को पुनरावेदन अदालत, तुल्सीपुर दाङको फैसला मिलेको नदेखिँदा सो हदसम्म उक्त फैसलाको अंश बदर हुने गरी केही उल्टी हुने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी

इति संवत् २०६९ साल भदौ २८ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय, मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** मुद्दा नं. ०६७-WF-००१०, परमादेश समेत, *जगदीश गिरी वि. जनकपुर चुरोट कारखाना लि. जनकपुर समेत*

जनकपुर चुरोट कारखाना लिमिटेड, कर्मचारी सेवा, शर्त नियमावली कम्पनी ऐन, २०२१ को दफा १२ द्वारा प्रत्यायोजित विधायनअन्तर्गत नेपाल सरकारले बनाएको नियमावली भन्ने देखिएको हुँदा उक्त विनियमावली नेपाल कानूनको परिभाषाअन्तर्गत पर्ने देखिएकोले सो नियमावलीद्वारा व्यवस्थित हक अधिकारको प्रचलनको लागि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३, ८८

(२) तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) अन्तर्गत यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट निवेदन दिन नपाउने भन्न नमिल्ने । विपक्षी कारखाना र बीमा संस्थानबीच भएको सम्झौताअनुसार बीमा संस्थानले त्यस्तो बीमा हरेक वर्षको अप्रील १४ तारिख (प्राय बैशाख १ गते) देखि मात्र पुनारम्भ गर्ने गरेको देखिएको र निवेदकको बढुवा भई तलव वृद्धि भएको मिति र अवकाश मितिको अवधिभित्र १४ अप्रिल (बैशाख १) परेको नदेखिएको हुँदा बीमा संस्थानको नियमअनुसार निवेदकले दावीबमोजिमको बीमा रकम भुक्तानी पाउने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

**मा.न्या.श्री वैद्यनाथ उपाध्यायको रायः**

रिट निवेदनसँग सम्बन्धित जनकपुर चुरोट कारखानाको कर्मचारी सेवा शर्तसम्बन्धी नियमावली, २०५६ लाई कानून मान्न तथा उक्त नियमावलीमा व्यवस्थित हकलाई कानूनी हक मान्न नमिल्ने देखिँदा त्यस्तो हकको प्रचलनको लागि तत्काल प्रचलित नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) तथा नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । रिट निवेदन खारेज गर्ने बहुमतको निर्णयमा सहमत भए पनि मुद्दाको तथ्यभित्र प्रवेश गरी निर्णय गरेको निर्णयाधारमा असहमत भएकोले आफ्नो छुट्टै निर्णयाधार प्रस्तुत गरेको छु ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
इति संवत् २०६९ साल असोज ५ गते रोज ५ शुभम्
यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- मुद्दा नं. ०६७-WF-००११, परमादेश समेत, *अर्जुनप्रसाद सिंह समेत वि. जनकपुर चुरोट कारखाना लि. जनकपुर समेत*
- मुद्दा नं. ०६७-WF-००१२, परमादेश समेत, *रामदयाल सिंह वि. जनकपुर चुरोट कारखाना लि. जनकपुर समेत*
- मुद्दा नं. ०६७-WF-००१३, परमादेश समेत, *उपेन्द्रप्रसाद सिंह वि. जनकपुर चुरोट कारखाना लि. जनकपुर समेत*
- मुद्दा नं. ०६७-WF-००१४, परमादेश समेत, *रत्नदेव लाल कर्ण वि. जनकपुर चुरोट कारखाना लि. जनकपुर समेत*
- मुद्दा नं. ०६७-WF-००१५, परमादेश समेत, *सुन्दर ठाकुर वि. जनकपुर चुरोट कारखाना लि. जनकपुर समेत*

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६७-CR-०१०५, डाँका चोरी, *नेपाल सरकार वि. कृष्णबहादुर लामा समेत*

रातको समयमा बाटोमा जीप, ट्रक रोकी हातहतियार देखाई जवर्जस्तीसँग जाहेरवालाहरूको धनमाल खोसी लुटिलिएको कुरामा प्रतिवादीहरू अदालतमा समेत सावित भई ६ जना भई वारदात घटाएको भन्ने प्रमाणित भैरहेको देखिएको अवस्थामा उक्त वारदातलाई डाँका गरेको ठहऱ्याउनु पर्नेमा कानून र प्रमाणको गलत व्याख्या गरी डाँका ठहर नगरेको शुरू नवलपरासी जिल्ला अदालतको फैसला तथा सो फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको इन्साफ समेत मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई प्रतिवादीहरू कृष्णबहादुर लामा, राजु लामा, रणबहादुर थापा समेतले डाँका गरेको ठहर्छ । सो ठहर्नाले निजहरूलाई चोरीको १४ (४) नं. बमोजिम पहिलो पटकको देखिँदा जनही ६(छ) वर्ष कैद हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६८ साल चैत ५ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-WO-०३१७, परमादेश, *भुपालप्रसाद सापकोटा वि. शुभाषचन्द्र संघाई समेत*

कुनै पनि विषयमा हक नपुग्नेले नालिस लिई उपचारका लागि अदालतमा प्रवेश गर्ने सशक्त माध्यम भनेको हकदैया (Locus Standi) हो । हकदैयाले संविधान वा कानूनद्वारा प्रदत्त हकमा आघात परेको विषयमा अदालतमा उपस्थित भई सो हक प्रचलन गराउन नालिस, उजूर वा प्रतिवाद वा खण्डन गर्न सक्ने सक्षम हकलाई जनाउँछ । हकदैयासम्बन्धी सामान्य सिद्धान्त यो छ कि कसैले पनि अर्काको लागि अदालतमा नालिस उजूर गर्न सक्तैन । नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरेमुताविक तोकिएको ज्याला मजदूरहरूलाई नदिएको कारण निजहरूको हकहितमा आघात परेको खण्डमा कन्याम, इलाम समेतका ५ चिया बगानको तर्फबाट सोही बगानमा कार्यरत् मजदूरहरू एवं त्यहाँका मजदूर संगठन आउनु पर्नेमा सोको तर्फबाट मर्का परेको भनिएको पक्ष नभई अखिल नेपाल चिया बगान मजदूर संघ, केन्द्रीय समितिको नाउँबाट रिट निवेदन दर्ता हुन आएकोले हकवालाको तर्फबाट दर्ता गरेको भनी मान्न नमिल्ने ।

कन्याम समेतका चिया बगानमा कार्यरत मजदूरहरूको ज्यालाको विषयलाई लिएर मर्का पर्ने पक्ष नभई अखिल नेपाल चिया बगान मजदूर संघ केन्द्रीय कार्य समिति रिट निवेदन लिएर आएकोले हकदैयाको अभाव रहेको, श्रम ऐन, २०४८ द्वारा व्यवस्था गरिएबमोजिम मर्का परेको विषयमा चिया बगानमा कार्यरत् मजदूरले श्रम कार्यालयमा निवेदन गर्न पाउने प्रचलित कानून व्यवस्थाको उपभोग नगरी सोझै रिट क्षेत्रमा प्रवेश गर्नुका साथै बगानमा कार्यरत् मजदूर र व्यवस्थापकबीच ज्यालाको विषयलाई लिएर रिट दर्ता भएपछि सामूहिक सम्झौता समत भएको अवस्थाबाट रिट निवेदनका विषयलाई लिएर औचित्यमा प्रवेश गरी निरोपण गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल भदौ ३ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-CI-०४२७, अंश दर्ता, *उर्मीलाकुमारी महतो वि. टीकाकुमारी चौधरी समेत*

आफ्नो परिवारलाई कहाँ राख्ने भन्ने व्यक्तिको निजी घर व्यवहारको मामिला भएकोले प्रस्तुत विवादमा सूर्यदेवको श्रीमती र छोरालाई कहाँ राख्ने भन्ने कुरा निजको व्यवहारअन्तर्गतको विषय देखियो । आफूहरूबाट जन्मेको छोराछोरीहरूको जन्म दर्ता जस्तो सार्वजनिक कार्यालयमा दर्ता गराउने कार्य वादी समेतबाट भएको अवस्था छ । सूर्यदेव महतो र टीकाकुमारी चौधरीले आफूबाट जन्मेका छोराछोरीको नाम नेपाल सरकारको आधिकारिक निकायमा दर्ता गराएको तथ्यबाटै श्रीमतीलाई प्रकाशमा नल्याएको, नआएको भनी मान्न नमिल्ने ।

वादीले प्रतिवादीबाट अंश पाउने देखिएको, वादीको दावीअनुसार ५ अंशियारा कायम नगरी अंशियारको संख्याको आधारमा अंशबण्डाको १ नं. अनुसार जीयाजीयै भाग लाग्ने र त्यसैको आधारमा भाग हिस्सा लाग्ने भएकोले सोहीअनुरूप बण्डा लगाउनु पर्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल भदौ ३१ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६७-CI-०४२८, फैसला डाँक लिलाम चलन दर्ता बदर दर्ता, *उर्मीलादेवी महतो समेत वि. टीकाकुमारी चौधरी समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-WO-०९१७, उत्प्रेषणयुक्त परमादेश, *उर्मीलाकुमारी महतो वि. महान्यायाधिवक्ताको कार्यालय, रापशाहपथ, काठमाडौं समेत*

महान्यायाधिवक्तालगायत सरकारी वकीलहरूले प्रचलित संविधान र कानूनद्वारा प्रदान गरेको अधिकारक्षेत्रभित्र रही मुद्दा चल्ने, नचल्ने निर्णय, अभियोजन तथा प्रतिरक्षालगायतका कार्य सम्पादन गर्न सक्नेमा प्रचलित संविधान र कानूनबमोजिम प्रदत्त अधिकारअन्तर्गत रही रिट निवेदकले दर्ता गरेको जन्मदर्ता कीर्ते गरी तयार गरेको उजूरीका विषयमा अनुसन्धानबाट प्राप्त सबूद प्रमाणको मूल्याङ्कन गरी मुद्दा चल्न नसक्ने भनी जिल्ला सरकारी वकील कार्यालय नवलपरासीले गरेको निर्णय तहगत हुँदै महान्याधिवक्ताबाट समेत बदर भई अन्तिम रहेकोमा उक्त निर्णयबाट निवेदकको संविधान एवं कानूनप्रदत्त हकमा आघात परेको भनी मान्न मिल्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल भदौ ३१ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६२ सालको रिट नं. २८४२, उत्प्रेषण समेत, *अजयबहादुर शाह वि. विजय कन्स्ट्रक्शन कम्पनी प्रा.लि. का.म.न.पा.वडा नं. १६, पकनाजोल, काठमाडौं समेत*

रिट निवेदक र विपक्षी विजय कन्स्ट्रक्शन प्रा.लि. बीच करार गर्दाकै अवस्थामा विवाद उत्पन्न भएमा मध्यस्थतामार्फत् विवादको समाधान गर्ने अवस्था गरेको हुँदा पक्षहरूले मध्यस्थता गठन गरी मध्यस्थसमक्ष आ-आफ्ना दावी प्रस्तुत गर्नु पर्नेमा रिट निवेदकले उक्त प्राथमिक उपचारको मार्ग अवलम्बन गर्न नै इन्कार गरी मध्यस्थता गठनमा सहभागी नभएको स्थिति एकातिर देखिन्छ भने अर्कोतर्फ सोही विवादित विषयमा गठन भएको मध्यस्थताको कामकारवाहीलाई निषेध गर्नको लागि दायर भएको निषेधाज्ञाको निवेदन पुनरावेदन अदालत, पाटनबाट खारेज भएको देखिन्छ । यसरी करारमा उल्लिखित शर्तहरूबमोजिम नै मध्यस्थ ट्राइबुनलको गठन भएको र उक्त मध्यस्थ ट्राइबुनलले कानून तथा प्रचलित मान्यता र करारका पक्षहरूबीच निर्धारण भएका प्रक्रियाहरूको अवलम्बन गरी निर्णय दिएको देखिनुको साथै उक्त अवार्ड (निर्णय) उपर यी रिट निवेदकको तर्फबाट पुनरावेदन अदालत पाटनमा निवेदन परी मध्यस्थ ट्राइबुनलले दिएको निर्णय सदर भएको देखिँदा निवेदन मागबमोजिम त्रुटिको विद्यमानता नदेखिँदा उक्त निर्णय (अवार्ड) तथा फैसला बदर गरिपाऊँ भन्ने निवेदनमा असाधारण अधिकारक्षेत्रअन्तर्गत विवादित विषयको तथ्यभित्र प्रवेश गरी मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६८ साल फागुन १ गते रोज २ शुभम्

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WH-०००७, बन्दीप्रत्यक्षीकरण, *आकाश मल्ल वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौं समेत*

निवेदन दायर गर्दाको अवस्थामा प्रहरी हिसासतमा थुनामा राखिएकोमा सो स्थिति परिवर्तन भै हाल निवेदकका विरूद्धमा काठमाडौं जिल्ला अदालतमा मानव बेचबिखन तथा ओसारपसार मुद्दा दायर भैसकेको अवस्था देखिन्छ । उक्त मुद्दामा काठमाडौं जिल्ला अदालतबाट कुनै आदेश भएमा सो आदेशमा चित्त नबुझे निवेदकले अन्य वैकल्पिक

उपचारको मार्ग अवलम्बन गर्न सक्ने अवस्था बाँकी नै रहेकोले प्रहरी हिरासतमा रहेको अवस्थामा परिवर्तन भई हाल निवेदकका विरूद्धमा साधिकार निकायबाट सक्षम अदालतमा कानूनबमोजिम मुद्दा दायर भैसकेको देखिएबाट निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई थुनामुक्त गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल भदौ १० गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-WO-०५९६, उत्प्रेषणयुक्त परमादेश, *डिल्लीराम अधिकारी वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं समेत*

निजामती सेवा सरकारको स्थायी संयन्त्र हो । यस सेवाअन्तर्गत रहेका निजामती कर्मचारीलाई सरकारले ऐन, कानूनले तोकेको परिधिभित्र रही सरूवा, बढुवा र विभागीय कारवाही एवं कार्यविभाजन र जिम्मेवारी बहन गर्न लगाउन सक्छ । तर, त्यसो गर्दा कानूनको मर्म र भावनाविपरीत नहुने गरी गरिनु पर्दछ । प्रस्तुत मुद्दामा सामान्य प्रशासन मन्त्रालयले मिति २०६५।१०।२९ को निर्णयानुसार निवेदकको सरूवा गर्दा विशेष पद सिर्जना नगरी सामान्य पद (गाविस सचिव पद) मा सरूवा गरेको देखिँदा सो सरूवालाई कानूनबमोजिमको सरूवा भन्न मिल्ने देखिएन । साथै निवेदकलाई यातायात व्यवस्था कार्यालयको ना.सु. पदबाट स्थानीय विकास मन्त्रालयअन्तर्गत रिक्त गा.वि.स. सचिव पदमा सरूवा गरिएकोमा पदस्थापन गरिएका डिल्लीराम अधिकारीको "यस कार्यालयअन्तर्गत गा.वि.स. सचिव नायब सुब्बा (रा.प.अनं. प्रथम श्रेणी विशेष) रिक्त नभएको व्यहोरा अनुरोध छ" भन्ने जिल्ला विकास समितिको कार्यालय, दोलखाले स्थानीय विकास मन्त्रालयलाई मिति २०६६।१।८ मा लेखेको पत्रबाट देखिँदा दरबन्दी नै नभएको स्थानमा कानूनी प्रावधानलाई मिची भएको निवेदकको सरूवालाई स्वाभाविक मान्न नमिल्ने ।

निवेदक डिल्लीराम अधिकारीलाई निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ को उपदफा (९) बमोजिम यातायात व्यवस्था कार्यालय, बागमतीबाट स्थानीय विकास मन्त्रालयअन्तर्गत रिक्त रहेको गा.वि.स. पदमा सरूवा गर्ने गरी भएको नेपाल सरकारको मिति २०६५।१०।२९ को निर्णय र तत्सम्बन्धी पत्र समेत कानूनअनुकूलको नदेखिई निवेदकको संवैधानिक एवं कानूनी हक हनन् हुन गएको देखिएकोले उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । आफू मातहतका निजामती कर्मचारीलाई सरूवा गर्ने अधिकार नेपाल सरकारमा निहीत रहेकाले कानूनको परिधिभित्र रही तोकेको प्रक्रिया अवलम्बन गरी निवेदकलाई हाल कार्यरत् रहेको कार्यालयबाट अन्यत्र सरूवा गर्न सक्ने नै देखिन्छ । तथापि निवेदकलाई सरूवा गर्दा निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ को उपदफा (९) ले तोकेको प्रक्रिया अवलम्बन नगरी सरूवा गरेको देखिएबाट उक्त कानूनी प्रक्रिया पूरा गरी सरूवा नभएसम्म निवेदकलाई यथावत कार्य गर्न दिनु भनी विपक्षी सामान्य प्रशासन मन्त्रालयको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल असार २६ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-WO-०३४५, परमादेश समेत, *सुमीत्रा लामा समेत वि. व्यवस्थापिका संसद सचिवालय समेत*

निवेदिकाहरू कार्यरत् रहेको बाल विकास केन्द्र श्रम ऐन, २०४८ बमोजिम प्रतिष्ठानको परिभाषाभित्र पर्ने नभई बालबालिकाको लागि शिक्षाको पूर्वाधार तयार गर्ने उद्देश्यले र औपचारिक शिक्षाको प्रारम्भ गर्नुपूर्व बालबालिकालाई मानसिक रूपमा

तयार गर्नका लागि गठन गरिएको शैक्षिक संस्था रहेको छ । त्यस्तै निवेदिकाहरूको सम्बन्धमा श्रम ऐन, २०४८ को कानूनी प्रावधानहरू लागू हुने नभई निजहरूको सेवाको शर्त "प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०६१" लागू हुने हुन्छ । उक्त निर्देशिका शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ को अधिनमा रही जारी भएकोले उक्त निर्देशिका शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ को अधिनमा रही जारी भएकोले उक्त निर्देशिकाको ३३(१) नं. मा उल्लेख भएको "सहयोगी कार्यकर्ताले प्रारम्भिक बाल विकास केन्द्र व्यवस्थापन समितिले तोकिदिएबमोजिमको पारिश्रमिक र अन्य सुविधा पाउनेछन्" भन्ने व्यवस्था लागू हुने हुन्छ । श्रम ऐन, २०४८ अन्तर्गत जारी गरिएको उक्त २०६८।२।९ को नेपाल राजपत्रमा प्रकाशित सूचना शैक्षिक संस्थामा कार्यरत् यी निवेदिकाहरूको हकमा लागू हुन नसक्ने ।

श्रम ऐन, २०४८ बमोजिम न्यूनतम् पारिश्रमिक निर्धारण गरिएकोले शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९ बमोजिम जारी गरिएको निर्देशिकाबमोजिम नियुक्त यी निवेदिकाहरूको हकमा सो मिति २०६८।२।९ को नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसारको पारिश्रमिक लागू नहुने र सो पारिश्रमिक दिनु पर्ने कानूनी कर्तव्य उक्त प्रत्यर्थी व्यवस्थापन समितिलाई नतोकेको अवस्थामा मागबमोजिमको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायण पराजुली

इति संवत् २०६९ साल भदौ ७ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-WH-००८६, बन्दीप्रत्यक्षीकरण, *मृदुषा मल्ल वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल काठमाडौं समेत*

निवेदनका निवेदिका बच्चीहरूको उमेर ५ वर्ष वा सोभन्दा मुनि रहेको तथा निजहरू अरू कसैको नियन्त्रण वा कब्जामा रहेको नभई आफ्नै आमाको सँग साथमा रहेको भन्ने दुबै पक्षको कथनबाट देखिन्छ । बालबालिका लागि आमा र बाबु नै प्राकृतिक संरक्षक हुने कुरामा कुनै विवाद हुन सक्दैन । आफ्नो आमाको सँग साथमा रहेको ५ वर्ष मुनिका बालबालिकाको रेखदेख र पालपनपोषण आमा वा बाबु भन्दा राम्रो अरू कसैबाट हुने अनुमान गर्न सकिँदैन । तर आमा बाबुका बीच सम्बन्ध बिच्छेद् मुद्दा चलिरहेको अवस्थामा बालबालिकाहरू निजहरूमध्ये कसैको सँग साथमा रहेकोलाई गैरकानूनी नियन्त्रणमा रहको भन्नु उचित र मनासिब हुँदैन । यी निवेदिका मृदुषा र भिवाषा हाल ५ वर्ष मुनिका नाबालिका भई आफ्नो आमाको सँग साथमा रहेको देखिँदा ती बच्चीहरूलाई गैरकानूनी थुनामा रहेको भन्न नमिल्ने ।

आमा बाबु दुबैलाई आफ्ना बच्चाबच्चीको रेखदेख, स्याहार, सम्भार शिक्षा दीक्षा र पालन-पोषणको सामूहिक दायित्त्व पूरा गर्नु पर्ने जिम्मेवारी एकातिर छ भने आफ्नो सन्तानप्रति प्रेम, बात्सल्य र ममताको प्रदर्शन र अनुभूति गर्न पाउने हक पनि समान रूपमा बाबु र आमा दुबैको हुने हुन्छ । सोबमोजिम प्रस्तुत निवेदनमा पनि बाबुलाई आफ्ना छोरीहरूसँग भेटघाट गर्न, आफ्ना सन्तानप्रति प्रेम वात्सल्य र ममताको प्रदर्शन गर्न र त्यसको अनुभूति गर्न पाउने हक हुन्छ । यस्तै विषयवस्तु समावेश भएको निवेदक अतुल शाह विरूद्ध मल्लिका शाह (*नेकाप* २०६८, अङ्क ८, पृष्ठ १४१२, नि.नं. ८६७४) भएको मुद्दामा जारी भएको निर्देशात्मक आदेश समेतको पृष्ठभूमिमा प्रस्तुत रिटमा पनि देहायबमोजिम गर्न निर्देशात्मक आदेश जारी हुने :-

- बाबु प्रवेश मल्लले चाहेमा आफ्ना छोरीहरू मृदुषा मल्ल, भिवाषा मल्लसँग चाडपर्व, पारिवारिक उत्सवमा लगायतमा महिनामा सरदर एक पटक २-३ घण्टासम्म भेटघाट गर्न, आफ्नो घरमा ल्याउन, घुमाउन, लान प्रत्यर्थी ज्योत्सना मल्ल समेतले दिनुपर्ने ।

- विद्यालयमा समेत बच्चीहरूलाई लेखपढमा असर पर्ने गरी बुबा प्रवेश मल्लले महिनामा एक दुई पटक भेट्न पाउने व्यवस्था प्रत्यर्थी ज्योत्सना मल्ला समेतले मिलाउनु पर्ने ।
- बच्चीहरूका पिता प्रवेश मल्लले फोनबाट कुरा गर्न चाहेमा सार्वजनिक बिदा वा शनिबारका दिन बिहान ७-८ बजेदेखि बेलुका ७ बजेसम्म मात्र कुरा गर्न पाउने ।
- बच्चीहरूको स्वास्थ्य, शिक्षा, भरणपोषणलगायतका विषयमा पिता प्रवेश मल्ल समेतको जिम्मेवारी हुने भए पनि प्रत्यर्थी ज्योत्सना मल्लले पति प्रवेश मल्लउपर काठमाडौं जिल्ला अदालतमा सम्बन्ध बिच्छेद्को मुद्दा दायर गरेको भन्ने मिसिलबाट देखिँदा सो मुद्दाबाट नै बच्चीहरूको पालन पोषण, शिक्षालगायतका विषयमा पनि विचार हुन सक्ने हुँदा प्रस्तुत निवेदनमा सो विषयमा केही उल्लेख गर्न परेन ।
- प्रस्तुत निर्देशात्मक आदेशको पालना दुबै पक्षले गर्नू, गराउनू र आदेशको अवज्ञालाई अपहेलना मानिने कुरा दुबै पक्ष ज्योत्सना मल्ल, प्रवेश मल्ल समेतलाई जानकारी गराउनू ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६९ साल भदौ ६ गते रोज ४ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-WO-०६५४, परमादेशयुक्त जो चाहिने अन्य उपयुक्त आज्ञा आदेश जारी गरिपाऊँ, *शिव गाउँले समेत वि. सूचना तथा सञ्चार मन्त्रालय समेत*

मिति २०६८।९।१८ को राजपत्रमा प्रकाशित श्रमजीवी पत्रकार समेतको न्यूनतम् पारिश्रमिक तत्काल लागू गर्न यस अदालतबाट अन्तरिम आदेश जारी भै प्रत्यक्षर्थीहरूबाट पनि न्यूनतम् पारिश्रमिकको हकमा राजपत्रको प्रावधान लागू भैसकेको भनी लिखित जवाफमा उल्लेख गरेको देखिन्छ । सो सम्बन्धमा निवेदकतर्फका कानून व्यवसायीबाट समेत न्यूनतम् पारिश्रमिकको प्रावधान सरकारी सञ्चार गृहमा लागू भैसकेको सम्बन्धमा इजलाससमक्ष स्वीकारोक्ति व्यक्त गरेको पाइयो । अतः निवेदकहरूको न्यूनतम् पारिश्रमिकको प्रस्तुत विषय हाल सम्बोधन भैसकेको देखिँदा छुट्टै थप आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल कात्तिक २२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CR-०५४३, कर्तव्य ज्यान, *प्रेमबहादुर खत्री वि. नेपाल सरकार*

प्रतिवादी अधिकारप्राप्त अधिकारीका साथै अदालतमा समेत साबितै रहेको देखिन्छ । प्रतिवादीको बयानमा दुबै जनाले रक्सी खाएको र मृतकले एक्कासी पछाडिबाट आई घाँटीमा हानेकोले रिसमा आई हातमा रहेको चक्कुले मृतकलाई प्रहार गर्दा मृत्यु भएको भनी किटानी व्यहोरा लेखाएको देखिन्छ । प्रतिवादीको बयान व्यहोरालाई भिमसरा पोखरेल र रूपकला खड्का समेतको मौकाको कागज एवं सो कागजलाई समर्थन गर्दै अदालतमा आई गरेको बकपत्रले पुष्टि गरेको देखिन्छ । लासको आँखाको माथिल्लो भाग तथा छातीको भागमा चक्कुको प्रहार गरी लागेको जस्तो घाउचोट भएको भन्ने समेत व्यहोराको घटनास्थल लास जाँच मुचुल्का एवं आन्तरिक रूपमा भएको अत्यधिक रक्तस्रावको कारणले मृत्यु भएको भन्ने चिकित्सकको शव परीक्षण प्रतिवेदनले समेत प्रतिवादीउपरको किटानी जाहेरी

एवं प्रतिवादीको मौका एवं अदालतको बयानलाई पूर्ण रूपले समर्थन गरेको देखिँदा प्रतिवादी प्रेमबहादुर खत्रीलाई ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साउन ३१ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८- RC-०१२५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कृपाराम खटिक समेत*

जाहेरी दरखास्त, मौकामा पक्राउ परेका प्रतिवादी भागिराम समेतले यी प्रतिवादीहरूलाई पोली गरेको बयान, प्रत्यक्षदर्शी कुन्ता एवं डम्बर गोदार समेतको कागजका साथै निजहरूको अदालतको बकपत्र समेतलाई कुनै प्रमाणको खण्डन गरेको अवस्था नदेखिँदा वारदातस्थलमा उपस्थित भई मृतक र निजका परिवारका सदस्यहरूको जीउमा हात समेत हाली मृतकलाई मार्न घेरा दिई सहयोग गरेको भन्ने वादी पक्षको अभियोग दावी पुष्टि भएको देखिन आउँछ । यी प्रतिवादीहरू अदालतको म्यादमा हाजीर भई आफूउपरको अभियोग दावीलाई खण्डन गर्न छोडी फरार रहनुले निजहरूउपरको अभियोग दावीलाई पुष्टि गर्न थप मद्दत गरेको देखिन आयो । यी प्रतिवादीहरू लालजी खटिकको बञ्चरो प्रहार र अन्य प्रतिवादीहरूको लाठी समेतको प्रहारबाट मृतकको मृत्यु भएको भनी यी प्रतिवादीहरू समेतकाउपर परेको किटानी जाहेरी दरखास्तलाई समर्थन हुने गरी जाहेरवालाले अदालतमा उपस्थित भई गरेको बकपत्र, लास जाँच एवं घटनास्थल प्रकृति मुचुल्काका साथै सहअभियुक्त भागिराम र वर्षादी खटिक समेतले यी प्रतिवादीहरूले मृतक समेतलाई पिट्दै गर्दा देखेको भनी निजहरूउपर गरेको पोल उजूरलाई प्रत्यक्षदर्शी व्यक्तिहरूको बकपत्रले समेत समर्थन गरिदिएको पाइँदा अभियोग दावीबमोजिम प्रतिवादी लालजी खटिकलाई अभियोग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को कसूर अपराधमा ऐ.को १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र अन्य प्रतिवादीहरू दिनेश खटिक कृपाराम खटिक, दयाराम खटिक, मायाराम खटिक, छविलाल खटिक, जुगुन खटिक, विक्रम खटिक, लल्लु खटिक, कैलाश खटिक र पन्नालाल खटिक र बच्छारामज खटिक समेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(४) बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल कात्तिक २४ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-CR-०६६३, लागू औषध, *विनोद श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादीका साक्षी साविक शाहीले प्रतिवादीको अदालतको इन्कारी बयानलाई समर्थत हुने गरी बकपत्र गरेको भए पनि सोलाई पुष्टि गर्ने अन्य स्वतन्त्र सबूद प्रमाणको अभाव रहेको देखिँदा उक्त बकपत्रलाई ग्राह्य प्रमाणको रूपमा स्वीकार गर्न सकिने अवस्था देखिएन । नियमित रूपमा लागू औषध सेवन गर्न बानी लागेको व्यक्तिले विभिन्न प्रकारका लागू औषधिहरू एकैसाथ चिकित्सकीय प्रमाण बिना बोकी हिँड्न पर्ने अवस्था सामान्यतया आउँदैन । निज प्रतिवादी प्रतिवन्धित लागू औषधिहरू सेवन गर्ने प्रयोजनको लागि नै भए पनि चिकित्सकको प्रमाण बिना नै बोकी हिँड्नु हुँदैन भन्ने कुरा जानीजानी बोकी हिँडेको अवस्था देखिँदा निजले उक्त लागू औषधिहरू खरीद बिक्री गर्ने उद्देश्यले लिई हिँडेको कुरालाई पुष्टि गरेको हुँदा अभियोग दावीबमोजिम प्रतिवादीलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को घ र च विरूद्धको कसूरमा ऐ. ऐनको दफा १४(१)(छ)(२) अनुसार १०(दश) वर्ष कैद र रू.७५०००।- (पचहत्तर

हजार) जरीवाना र ऐ.ऐनको दफा १४(१) (झ) बमोजिम २ वर्ष कैद र रू. १,००,०००।- (एक लाख) जरीवाना समेत हुने ।
इजलास अधिकृतः बाबुराम सुवेदी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल साउन ३१ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-WO-०८५१, प्रतिषेध परमादेश समेत, *नरेशकुमार बडुवाल वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

स्वास्थ्य सेवामा रहेका हे.इ. समूहका ग्रा.स्वा. का. र कम्युनिटी नर्सिङ समूहको तेस्रो तहको सबै दरबन्दी र पदनाम खारेज गरी सो पदलाई नै चौथो तहमा अपग्रेड गरी क्रमशः अ.हे.व. र अ.न.मी. को पदनाम दिने । यसरी अपग्रेड भएको पदमा अ.हे.व. र अ.न.मी. कोर्ष उत्तीर्ण गरेकाहरूलाई अपग्रेड गरेको स्थानमा पदस्थापन गर्ने र कोर्ष उत्तीर्ण नगरेका कर्मचारीहरूलाई कोर्ष उत्तीर्ण गरेपछि मात्र क्रमशः पदस्थापन गर्ने भन्ने उल्लेख भएको देखिन्छ । निवेदकले अ.हे.व. कोर्ष उत्तीर्ण गरिसकेको देखिन्छ । उल्लिखित यस परिदृश्यमा निवेदकहरूको मागको सम्बोधन भैसकेको देखिएको स्थितिमा निवेदन मागबमोजिम थप आदेश गर्नुपर्ने प्रयोजन बाँकी नभएकोले रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल साउत १४ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६६-WO-०८८४, प्रतिषेध परमादेश, *प्रमीला विष्ट समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत* भएको मुद्दामा यसैअनुसार आदेश भएको छ ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-WO-१२१२, उत्प्रेषण परमादेश, *जानकी के.सी. समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

कसैलाई पदावधि अन्त्य हुन पूर्व हटाउनु पर्दा प्राकृतिक न्यायको सिद्धान्तअनुरूप निजलाई के कति कारणले हटाउनु परेको हो, सुनुवाइको मौका प्रदान गरिएको हुनुपर्दछ । जिम्मेवार सरकारले जुनसुकै समयमा मनोगत आधारमा हटाउन सक्तैन । निवेदकलाई के कुन आधारमा हटाउनु परेको हो भन्ने सम्बन्धमा निर्णय, पत्र तथा लिखित जवाफमा समेत प्रत्यर्थीबाट खुलाउन सकेको देखिँदैन । सार्वजनिक पदाधिकारीलाई पदमुक्त गर्दा न्यूनतम् रूपमा अवलम्बन गर्नुपर्ने सुनुवाइको मौका समेत प्रदान नगरिएको स्थितिमा प्रत्यर्थीको कामकारवाही प्राकृतिक न्यायको सिद्धान्त समेतको प्रतिकूल देखिँदा चार वर्षको पदावधि निश्चित् गरी नेपाल नर्सिङ परिषद्को रजिष्ट्रार पदमा नियुक्त रिट निवेदकलाई पदावधि बाँकी छँदै सुनुवाइको मौका समेत प्रदान नगरी अवकाश दिने मिति २०६८।३।१ को निर्णयलगायतका तत्पश्चात् प्रत्यर्थीबाट भए गरेका निर्णय कामकारवाही प्राकृतिक न्यायको सिद्धान्त र यस अदालतको वृहद् पूर्ण इजलासबाट ०६८-WO-०५९९, मा प्रतिपादित सिद्धान्त समेतको प्रतिकूल भै त्रुटिपूर्ण देखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब रिट निवेदकलाई नेपाल नर्सिङ परिषद्को रजिष्ट्रार पदमा पुनर्बहाली गरी यथावत काममा लगाउनू भनी परमादेशको आदेश समेत जारी हुने ।
इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल साउन १४ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-WO-०५४४, परमादेश, *अधिवक्ता कविता पाँडे समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

मुलुकी ऐन, बिहाबारीको महलको २ नं. ले बाल विवाहलाई कानूनी मान्यता नदिई दण्डनीय बनाएको देखिन्छ । त्यसैगरी सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ को दफा ५ ले दाइजोमा नियन्त्रण गरेको देखिन्छ । उक्त दफाको उपदफा (२) अनुसार विवाह हुँदा जीउमा लगाएको एकसरो गहना बाहेक आफ्नो कुल परम्पराअनुसार राजीखुशीले पनि बढीमा दशहजार रूपैयाँसम्मको मात्र दाइजो दिन सकिने व्यवस्था छ । उक्त ऐनको दफा ६ ले विवाहमा अन्य आर्थिक दायित्त्व व्यहोर्नमा प्रतिवन्ध लगाएको देखिँदा बाल विवाह र दाइजो प्रथालाई निषेध गर्दै कानूनहरू बनिसकेको नै देखिन्छ । यसरी राज्यले विभिन्न बहानामा हुने विभिन्न अपराधहरूलाई नियन्त्रण गर्न कानूनहरू बनाइएको र सुरक्षा निकाय तथा अंगहरूको व्यवस्था गरिएको छ । तापनि त्यस्ता विपरीतका कुराहरू निरूत्साहित हुनुको साटो वृद्धि भइरहेको अवस्थाबाट कानून बन्नु र निरोपण गर्न खोजिएको क्रिया हुन नदिन तत्सम्बन्धी निकाय खडा गर्नु मात्र पर्याप्त होइन रहेछ भन्ने स्पष्ट हुन आउँछ । कानूनी र सुरक्षा निकायको व्यवस्थाबाट कुप्रथा, कुसंस्कार र कुरीतिहरू निवारण हुन नसकेको कारणबाट प्रस्तुत रिट निवेदन पर्नुभन्दा अगाडि पनि पहिला माथि हुने पीडाजन्य छाउपडी प्रथा (२०६१ सालको रिट नम्बर ३३०३, नेकाप २०६२, नि.नं. ३५३१, अङ्क ४), कमलरी प्रथा (२०६१ सालको रिट नम्बर ३२१५, नेकाप २०६३, नि.नं. ७७०५, अङ्क ५), बोक्सी प्रथा (२०५८ सालको रिट नम्बर २८९१, नेकाप २०६२, नि.नं. ७४९८, अङ्क २) आदिका सम्बन्धमा यस अदालतबाट तत्सम्बन्धी आदेशहरू जारी भैसकेको पाइन्छ । प्रस्तुत रिट निवेदनसँग सम्बन्धित वैकल्या प्रथाको जरियाको रूपमा रहेको बाल विवाह र दाइजो प्रथा निषेध गर्ने सम्बन्धी मौजूदा कानूनहरू र सरकारी स्तरबाट तत्सम्बन्धमा गरिएका व्यवस्थाहरू भए पनि ती कुराहरू व्यवहारिक रूपमा प्रभावकारी हुन सकेका छैनन् भन्ने देखिन आउने ।

सैद्धान्तिक रूपमा सन्धि सम्मेलनमा प्रतिवद्धता जाहेर गर्नु वा लिखित रूपमा कानून बनाई प्रतिकात्मक रूपमा व्यवस्था गर्नु मात्रले समाजमा प्रचलनमा रहेका र समाजले रूचाएका कुरीतिजन्य प्रथाहरूको अन्त्य हुँदैन । समाजमा व्याप्त कुप्रथाहरूको उन्मूलनको लागि जन चेतना फैलाई सबै क्षेत्रको सामूहिक प्रयास हुन आवश्यक हुँदा सम्बन्धित सरोकारवाला कार्यालय, संस्था वा पदाधिकारी, गैरसरकारी संस्थालगायत सर्वसाधारण नागरिक तथा नागरिक अगुवाहरूले समेत यस कार्यबाट पन्छिने अवस्था छैन । त्यसैले महिला वर्गलाई पीडित पार्ने उल्लिखित प्रथालगायत सबैखाले प्रथाहरूको उन्मूलन गर्न निम्नबमोजिम उपाय गर्नु, गराउनु भनी विपक्षीहरूको नाममा निर्देशात्मक आदेश जारी गरिएको छः-

१. बाल विवाहलाई पूर्ण रूपमा निषेध गर्न कानूनी एवं व्यावहारिक जो चाहिने उपाय गरी कानूनको प्रभावकारी कार्यान्वयन गर्नू,
२. वैकल्याको रूपमा रहेका व्यक्तिहरू रहेको समुदाय वा क्षेत्रमा त्यससम्बन्धी समस्याको प्रकृति र परिणामलाई विभिन्न कोणबाट अध्ययन गर्न विशेष कार्यदल गठन गरी अध्ययन र प्रतिवेदन प्राप्त गर्ने व्यवस्था महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले गर्नू,
३. वैकल्याहरूले कानूनविपरीत भोगेको भेदभाव वा यातनाजन्य व्यवहारको अध्ययन गरी सो हटाउन उचित उपायहरू प्राप्त गर्न सक्ने गराउने सम्बन्धमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले खास संस्थागत संयन्त्रको व्यवस्था गरी लागू गर्नु, गराउनू,
४. यस सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकाय र केन्द्रदेखि जिल्लास्तरसम्मको बाल

कल्याण समितिहरूबीच समन्वय गरी आवश्यक कार्यहरू गर्नु, गर्न लगाउनू ।

५. बैकल्या प्रथाको अन्त्य गर्न र बैकल्या हुने दाइजो लगायतको कारणहरूको जरोसम्म पुगेर सो प्रथाको समूल कानूनी, संस्थागत र जनचेतनाकारी कार्यक्रम समेत सञ्चालन गर्नु, गराउनू ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति संवत् २०६९ साल जेठ ३ गते रोज ४ शुभम् ।

**इजलास नं. ४**

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** रिट नं. ०६२-WO-२८८६, उत्प्रेषण, *नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडका तर्फबाट ऐ.मा कार्यरत् अधिकारप्राप्त प्रमुख कार्यकारी अधिकृत शशीन जोशी वि. अनुप एण्ड एशोसिएट्समा मुकाम रहेको मध्यस्थ ट्राइबुनल समेत*

निवेदक विपक्षी, हिमालयन डिष्टीलरी र यस कम्पनीको शेयरको Issue Manager NIDC बीचमा भएको २०५७।११।१७ को करारनामाको शर्त नं. १३ मा उक्त सम्झौताको कार्यान्वयनमा कुनै विवाद उत्पन्न भएमा मध्यस्थकर्ताहरूको ट्राइबुनलबाट विवादको निरोपण गरिनेछ भन्ने शर्त उल्लेख भएको देखियो । सोबमोजिम उक्त सम्झौताको कार्यान्वयनमा विवाद उत्पन्न भएको मिति २०५८।३।३६ अर्थात् रिट निवेदकले शेयर प्रत्याभूतिको वचनवद्धता फिर्ता लिएको मितिबाट नै मध्यस्थ नियुक्तिको प्रक्रिया शुरू गर्नु पर्ने हुन्छ । मध्यस्थता ऐन, २०५५ को दफा ६(१) बमोजिम मध्यस्थाबाट विवाद समाधान गराउनु पर्ने कारण शुरू भएको मितिले ३ महिनाभित्र मध्यस्थ नियुक्ति प्रक्रिया शुरू गर्नु पर्नेमा सो म्याद नघाई विपक्षी हिमालयन डिष्टीलरीले २०५८।१२।७ मा मात्र मध्यस्थ नियुक्तिको प्रक्रिया शुरू गरेको देखियो । यस अवस्थामा हदम्याद नाघी मध्यस्थ नियुक्ति प्रक्रिया शुरू भएको देखिएकाले सो विवाद मध्यस्थको अधिकारक्षेत्रभित्र पर्न नसक्ने ।

मध्यस्थले अधिकारक्षेत्र ग्रहण गर्नै नसक्ने विवादमा यी निवेदकले पनि मध्यस्थ नियुक्त गरेको भन्ने आधारमा मात्र मध्यस्थ Tribunal को अधिकारक्षेत्र विस्तारित हुन सक्तैन । मध्यस्थ नियुक्ति गर्ने प्रारम्भिक प्रक्रिया नै हदम्यादविहीन भएको अवस्थामा अधिकारक्षेत्र ग्रहण गरी २०६०।९।२२ मा मध्यस्थले गरेको निर्णय मध्यस्थता ऐन, २०५५ को दफा ६(१) को प्रत्यक्ष त्रुटिपूर्ण भएको देखिन आयो । त्यस्तो त्रुटिपूर्ण निर्णय सदर गरी पुनरावेदन अदालत, पाटनबाट २०६२।६।१० मा भएको निर्णय समेत उक्त कानूनी त्रुटिपूर्ण देखिँदा मध्यस्थ ट्राइबुनल २०६०।९।२२ मा र पुनरावेदन अदालतबाट २०६२।६।१० मा भएको निर्णयमा कानूनको त्रुटि देखिएकाले उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल असोज १ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** रिट नं. ०६७-WO-०१८९, उत्प्रेषण, परमादेश, *रामकुमारीदेवी समेत वि. रामनारायण साह तेली समेत*

निवेदिकाहरूका ससुराले २०५९।११।१३ मा विपक्षी रामनारायणबाट रू. ८०,०००।- कर्जा लिई २०६० साल पुस मसान्तसम्म बुझाउने छु, नबुझाए घर जेथाबाट असूलउपर गरी लिनु भनी तमसुक गरी दिएको देखिन्छ । यसरी विपक्षी रामनारायणबाट २०५९।११।१३ मा कर्जा लिइसकेपछि निज नकछेदी र गरीब दासले आफ्नो नाउँमा १० कित्ता जग्गा जोगिन्दर दास तत्मालाई २०६३।११।३ मा राजीनामा गरी दिई सोही सम्पूर्ण जग्गा नै निज जोगिन्दरले

रिट निवेदिकाहरूलाई हालैको बकसपत्रको माध्यमबाट हक हस्तान्तरण गरेको देखियो । उक्त राजीनामा र बकसपत्रको लिखत गरिदिने र लिने प्रक्रियाबाट जग्गाको स्वामित्त्वको स्रोतमा परिवर्तन भएको देखिए पनि सो कार्य आफूले लिएको ऋण नतिर्ने दूषित मनसायबाट गरिएको भन्ने स्पष्ट देखिन्छ । हाल विवादित जग्गा रिट निवेदिकाहरूको नाउँमा आएको भए पनि अघि नै लिएको ऋणको बिगो भरिभराउ सो जग्गाबाट हुन नसक्ने हुँदैन । यस अवस्थामा निवेदिकाहरूले दावी लिएको जग्गा स्त्री अंशधनको ५ नं. र अशबण्डाको १८ नं. अन्तर्गत पर्ने जग्गा हो भन्न नमिल्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः मो. अख्तर अली

इति संवत् २०६९ साल भदौ १५ गते रोज ६ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** ०६६-CR-०४५०, घर बहाल कर, *न्हुच्छेरत्न शाक्य समेत वि. ३ नं. क्षेत्र कर कार्यालय, काठमाडौं समेत*

डोलकुमारी लोहनी र पुनरावेदकहरू बीच काठमाडौं जिल्ला अदालतमा चलेको २०५३।०५४ सालको दे.मि.नं. १३७३/४०६३ को क्षतिपूर्ति दिलाईपाऊँ भन्ने मुद्दामा पुनरावेदकहरूलाई वार्षिक भाडा रू.१३,००,०००।- बुझाएको भन्ने डोलकुमारी लोहनीको कथन भए तापनि उक्त मुद्दामा समेत वादी दावी पुग्न नसक्ने गरी काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०५५।९।३ मा फैसला भएको र सो फैसला समेत अन्तिम भैरहेको देखिँदा डोलकुमारी लोहनीबाट रू. १३,००,०००।- घर बहाल लिएको भन्ने दावी पुग्न नसक्ने ठहरेको अवस्थामा प्रत्यर्थी ३ नं. क्षेत्र कर कार्यालयले डोलकुमारी लोहनीसँग वार्षिक रू. १३,००,०००।- घर बहाल लिने भनी कायम गरेको घर बहाललाई न्यायोचित मान्न मिल्ने नदेखिँदा राजश्व न्यायाधीकरण काठमाडौंको मिति २०५७।५।२६ को फैसला बदर गरी दिएको छ । अब जे जो बुझ्नु पर्ने हो बुझी अन्य आर्थिक वर्षमा के कति कर बुझाएको छ सोको अनुपात समेत विचार गरी तारिखमा नरहेको पक्षलाई झिकाउनु पर्ने भए झिकाई पुनः इन्साफ गर्नु भनी प्रस्तुत मुद्दाको शुरू मिसिल, पुनरावेदन तहको मिसिल तथा प्रमाण मिसिलहरू राजश्व न्यायाधीकरण, काठमाडौंमा पठाई दिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल असोज २ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** ०६३-CI-००५४, फैसला बदर, *झंकनाथ शर्मा पौडेल वि. युगबहादुर पुन*

अदालतको अन्तिम फैसलाले विवादित जग्गामा युगबहादुर पुनको हक स्थापित भइसकेपश्चात् मिति २०३८।११।१५ को छोडपत्र लिखतको आधार देखाई अदालतको फैसला प्रतिकूल मिति २०५६।७।११ मा भक्तवीर कामीसँग मिलेमतो गरी विवादित जग्गा वादीले लिखत पारीत गरी लिएको देखिन्छ । अदालतको मिति २०५५।१२।१० को अन्तिम फैसलाबाट युगबहादुर पुनको हक स्थापित भएको जग्गालाई फैसला भएको मितिपश्चात् फैसला कार्यान्वयनकै अवस्थामा वादी झंकनाथ शर्मा पौडेलले भक्तवीर कामीसँग मिलेमतो गरी विवादित जग्गा मिति २०५६।७।११ मा राजीनामा पास गरी लिए तापनि उक्त राजीनामाको लिखत अदालतको फैसला मितिभन्दा पछिको हुँदा उक्त राजीनामाको लिखत स्वयंमा दूषित र बदरयोग्य भएकोले त्यस्तो लिखतलाई जेठो र कानूनसम्मत लिखत भन्न नमिल्ने ।

वादीको मिति २०३८।११।१५ को घरसारको छोडपत्रको लिखत एवं मिति २०५६।७।११ को राजीनामाको लिखतभन्दा प्रतिवादी युगबहादुर पुनले मिति २०३८।१२।११ को करार लिखतबमोजिम गरिपाऊँ भनी नवलपरासी जिल्ला अदालतमा मिति २०५४।१२।१९ मा मुद्दा दायर गरी उक्त अदालतबाट मिति २०५५।१२।१० मा अन्तिम फैसला भएबमोजिमको प्रतिवादी युगबहादुर पुनको लिखत जेठो भई कानूनी मान्यता पाउने ।

युगबहादुर पुनले मिति २०३८।१२।११ को करारनामा लिखतबमोजिम गरिपाऊँ भनी मिति २०५४।१२।१९ मा दे.नं. ११६० को मुद्दा दायर गरी प्रतिवादी भक्तबहादुर कामीका नाममा जारी भएको म्याद भक्तबहादुर स्वयंले बुझी प्रतिवाद नगरी म्याद गुजारी बसेबाट वादी दावी पुग्ने ठहर भई नवलपरासी जिल्ला अदालतबाट मिति २०५५।१२।१० मा फैसला भई अन्तिम भई बसेको देखिन्छ । अदालतबाट कानूनबमोजिम फैसला भई अन्तिम भइरहेको देखिँदा वादीको दावीअनुसार उक्त फैसला बदर गरिरहनु पर्ने अवस्था नदेखिँदा पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल,
वसन्तजङ्ग थापा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल मंसिर ६ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६३ सालको ०६३-CI-००३३, फैसला बदर, *हरिमाया वि.क. वि. युगबहादुर पुन*
- २०६३ सालको ०६३-CI-००३४, ०१४१, दोहोरो लिखत बदर, *हरिमाया वि.क. वि. युगबहादुर पुन, भक्तवीर कामी वि. युगबहादुर पुन*
- २०६३ सालको ०६३-CI-००३५, निर्णय दर्ता बदर, *हरिमाया वि.क. वि. युगबहादुर पुन*
- २०६३ सालको ०६३-CI-००३६, ०१३९, दोहोरो लिखत गरिपाऊँ, *हरिमाया वि.क. वि. युगबहादुर पुन, भक्तवीर कामी वि. युगबहादुर पुन*
- २०६३ सालको ०६३-CI-००३७, दा.खा. टिप्पणी आदेश बदर, *हरिमाया वि.क. वि. युगबहादुर पुन*
- २०६३ सालको ०६३-CI-००५२, दा.खा. टिप्पणी आदेश बदर, *झंकनाथ शर्मा पौडेल वि. युगबहादुर पुन*
- २०६३ सालको ०६३-CI-००५३, निर्णय दर्ता बदर समेत, *झंकनाथ शर्मा पौडेल वि. युगबहादुर पुन*
- २०६३ सालको ०६३-CI-००५५, ०१४०, दोहोरो लिखत बदर, *झंकनाथ शर्मा पौडेल वि. युगबहादुर पुन, भक्तवीर कामी वि. युगबहादुर पुन*
- २०६३ सालको ०६३-CI-०१३८, करारनामा कागज बदर, *भक्तवीर कामी वि. युगबहादुर पुन*

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-WO-११९८, उत्प्रेषण समेत, *होटल हायत रिजेन्सी, अधिकारप्राप्त महाप्रवन्धक पेट्रिक इसरलोह समेत वि. अशोकुमार कर्ण समेत*

प्रतिष्ठानमा कार्यरत कर्मचारीहरू बीचमै प्रतिष्ठानको हाताभित्र गालीगलौज गर्नु, अपशब्द प्रयोग गर्ने तथा मादक पदार्थ सेवन गर्ने र हुलदंगा एवं कुटपीट जस्ता कानूनबमोजिम खराब आचरण मानिने कसूरमा व्यवस्थापनले गरेको कारवाहीलाई अदालतले हस्तक्षेप गर्ने हो भने सामान्यतया सबै प्रतिष्ठानभित्र र खास होटल तथा अन्य ग्राहक सेवा सञ्चालन गर्ने प्रतिष्ठानभित्र अनुशासन र अमनचयनको स्थिति नरही अनुशासनविहीन कार्यले बढुवा पाउने देखिन्छ ।

उपरोक्त प्रकरणहरूमा विवेचना गरिएअनुसार वारदात भएको स्थल अर्थात् तारा गाउँ होटलको चौरलाई उक्त प्रतिष्ठानको क्षेत्र मानिने र विपक्षीमध्येका अशोककुमार कर्णले प्रतिष्ठानको क्षेत्रभित्र प्रतिष्ठानकै कर्मचारीलाई कुटपीट गरेको कसूरमा श्रम ऐन, २०४८ मा व्यवस्था गरिएको प्रक्रिया पुऱ्याई उक्त ऐनको दफा ५१(क) को कसूरमा विपक्षी अशोककुमार कर्णलाई नसिहत दिइएको कार्य कानूनअनुरूपकै देखिन आएकोले सोलाई बदर गर्ने गरेको श्रम अदालतको मिति २०६६।११।१८ को फैसला त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

कम्प्युटरः मो. अख्तर अली

इति संवत् २०६९ साल कात्तिक २१ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६६-WO-११९७, उत्प्रेषण समेत, *होटल हायत रिजेन्सीका अधिकारप्राप्त महाप्रवन्धक पेट्रिक इसरलोह समेत वि. अशोकुमार कर्ण समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-WO-१२५५, उत्प्रेषणयुक्त परमादेश समेत, *शेरबहादुर लुङ्गेली समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत*

आम जनतासँग सरोकार राख्ने विकास निर्माणसँग सम्बन्धित अस्पताललगायतका भवन निर्माण कार्यको लागि उपयुक्त स्थानको व्यवस्था गर्ने दायित्त्व सरकारको हुने हुनाले अस्पताल कुन ठाउँमा बनाउन उपयुक्त हुन्छ भन्ने सम्बन्धमा उपयुक्त स्थानको चयन गर्ने तत्सम्बन्धी निर्णय गर्ने र निर्णय कार्यान्वयन गर्ने कार्य पनि सरकारको सम्बन्धित निकायको हो । प्रस्तुत विषय सरकारको नीतिगत निर्णयको कुरा भएको हुँदा अमूक स्थानमा अस्पताल निर्माण गर्नु, अमूक स्थानमा निर्माण नगर्नु भनी अदालतबाट आदेश जारी गर्न मिल्ने अवस्था पनि रहँदैन । एकातर्फ वन ऐन, २०४९ को दफा ६८ मा रहेको व्यवस्थाअनुसार वनक्षेत्रभित्रको जग्गा प्रयोग गर्नु बाहेक अन्य विकल्प नभएको अवस्थामा सरकारको स्वीकृति लिएर मात्र प्रयोग गर्न सकिने व्यवस्था भएकोमा निवेदकहरूले अस्पताल निर्माण गर्नुपर्ने भनी दावी गरेको जग्गा वनक्षेत्रभित्रको अस्पताल भवन निर्माण गर्न सरकारको स्वीकृति लिएको पाइँदैन । अर्कोतर्फ अस्पताल भवन निर्माणको लागि स्थानीय जनताबाट अर्को स्थानमा जग्गा उपलब्ध गराइएको देखिन्छ । यस्तो स्थितिमा निवेदन दावीअनुसारको जग्गामा अस्पताल निर्माण नगरी बर्दिबास गा.वि.स. वडा न. ९ मा स्थानीय जनताले उपलब्ध गराएको जग्गामा अस्पताल निर्माण गर्ने भनी भएको मिति २०६९।२।१६ को निर्णयलाई अन्यथा भन्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल असोज ७ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६-CI-१०६६, जग्गा खिचोला मेटाई चलन चलाइपाऊँ, *भैरवप्रसाद न्यौपाने वि. विफना दरै समेत*

पुनरावेदन अदालत, हेटौंडाको आदेशानुसार नापी शाखा, चितवनले पठाएको मिति २०६४।४।२४ को पत्र हेर्दा वादीको कि.नं. १९७२ कित्ता काट भई कि.नं. २१४६, २१४७ र २१४८ कायम भएका र सो कित्ताकाट भएका जग्गाहरूको ट्रायल चेक गर्दा क्रमशः ज.वि. ०-१९-६, ०-५-० भई जम्मा क्षेत्रफल ज.वि. १-९-६ रहेको र प्रतिवादीको कि.नं. १९९३ को जग्गाको क्षेत्रफल ज.वि. ०-१४-१३ रहेको भनी उल्लेख भएको देखिन्छ । यसरी वादीको कि.नं. १९७२ को जग्गाको ट्रायल चेक गर्दा देखिएको क्षेत्रफल भन्दा ०-०-०-२ जग्गा मात्र घटी देखिएको छ । उक्त मिति २०६४।४।२४ मा नापी शाखा

चितवनबाट भई आएको ट्रायल चेक सम्बन्धमा वादीले कुनै दावी विरोध नगरी चित्त बुझाएको अवस्था देखिन्छ । यसरी वादीको जग्गा नरघटी रहेको र विवादित न.नं. ४ मा जम्मा ज.वि. ०-१-६-२ रहेको हुनाले मिति २०६२।७।७ मा भई आएको नक्सा मुचुल्काअनुसार विवादित जग्गामध्ये प्रतिवादीको स्रेस्ताअनुसार नपुग हुन गएको ज.वि. ०-११-० प्रतिवादीकै कायम हुने र विवादित जग्गामध्ये बाँकी रहेको ज.वि. ०-०-१५-२ वादीले प्रतिवादीबाट खिचोला मेटाई चलन पाउने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०६९ साल असोज २३ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CR-०५९०, ०६६-RC-०७७, कर्तव्य ज्यान, *गनबहादुर पुलामी वि. नेपाल सरकार, नेपाल सरकार वि. गनबहादुर पुलामी*

लोड गरेर तयारी अवस्थामा राखेको बन्दुक जस्तो जोखिमी हतियार घरभित्रबाट ल्याई मृतकउपर ताकेको अवस्थामा तर्साउने मनसाय मात्रै थियो भनी विश्वास गर्न सकिने अवस्था रहँदैन । त्यसकारण प्रतिवादीले बन्दुक जस्तो जोखिमी हतियार प्रयोग गरी थिरबहादुर जोल्मी मगरलाई कर्तव्य गरी ज्यानसम्बन्धी महलको १३(१) नं. को कसूर गरेको देखिँदा प्रतिवादी मानबहादुर पुलामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने । मृतक र प्रतिवादी साला भिनाजु नाताका भएका, निजहरूका बीच मार्नेसम्मको पूर्व रिसइवी नदेखिएको र प्रतिवादी आफैं जिल्ला प्रहरी कार्यालयमा उपस्थित भै अपराध अनुसन्धानको कार्यमा सहयोग पुऱ्याएको देखिएबाट ज्यानसम्बन्धी महलको १३(१) नं बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने भएको हुँदा ८(आठ) वर्ष कैदको सजाय हुने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल असोज १० गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री कमलनारायण दास,** ०६७-CR-०१०८, जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि. लिलाधर पराजुली*

प्रतिवादी लीलाधर पराजुली अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा बयान गर्दा समेत आरोपित कसूर गरेको कुरामा पूर्णतः इन्कार रहेको पाइएको, पीडित डिलमायाँले शुरू जाहेरीमा यी प्रतिवादीको नाम उल्लेख गर्न नसकेकी मौकामा बुझिएको डिलमायाँलाई विदेश पठाउन बसपार्कसम्म विदाई गर्न गएका व्यक्तिले प्रतिवादी लीलाधर पीडित डिलमायाँलाई बिदाई गर्न बसपार्कसम्म बिदाई गर्न गएको नभनेको, रकम लेनदेनका सम्बन्धमा प्रतिवादी साक्षी बसेको भनिएको कागजमा प्रतिवादीको सहीछाप नै नभएको भन्ने कुरा प्रमाणित भएको स्थितिमा पीडितको जाहेरी एवं बयान पत्यारलायक देखिएन । साथै फौजदारी अभियोग जस्तो गम्भीर कसूरमा अन्य प्रमाणबाट समर्थित नभएको अवस्थामा केवल जाहेरी दरखास्तलाई मात्रै आधार मानी प्रतिवादीलाई कसूरदार भन्न नमिल्ने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल असोज ८ गते रोज २ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-WO-११५४, उत्प्रेषण तथा परमादेश समेत, *रूपदेवी खत्री वि. श्रम तथा यातायात व्यवस्था मन्त्रालय समेत*

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६१ अनुसार वैदेशिक रोजगार विभागलाई वैदेशिक रोजगारसम्बन्धी कसूरको अनुसन्धान र तहकीकात गर्ने गराउने अधिकार रहेको पाइयो । साथै पीडितलाई पीडकले पुऱ्याएको क्षति नदिलाएसम्म

पीडितले वास्तविक न्याय प्राप्त गर्न नसक्ने हुनाले पीडितलाई पीडकले पुऱ्याएको क्षति दिलाई भराई दिनु पनि राज्यको कर्तव्य हुन आउँछ। यस्तो स्थितिमा पीडितलाई बिगो, हर्जाना र क्षतिपूर्ति भराई दिने प्रयोजनको लागि उक्त मुद्दाको प्रतिवादीको अंश हक लाग्ने सम्पत्ति जति रोक्का राख्न नपाउने भन्न मिल्ने देखिँदैन। त्यस्तो सम्पत्ति कानूनबमोजिम रोक्का राख्न पाउने नै देखिँदा वैदेशिक रोजगार विभागले निवेदिका छोरा तथा बुहारी प्रतिवादी रहेको वैदेशिक रोजगार ठगीसम्बन्धी मुद्दामा यी निवेदिका रूपदेवी खत्रीको अंश हकको घर जग्गा नभई निवेदिकाका एकासगोलमा बस्ने ठगी मुद्दामा प्रतिवादी बनाइएका छोरा तेज प्रकाश पुनको अंश भागमा पर्ने घरजग्गा मात्र रोक्का राख्ने मालपोत कार्यालय, म्याग्दीलाई लेखेको पत्रलगायत कामकारवाही कानूनसम्मत् नै देखिन आएकोले निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास ऋषिराम आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल कात्तिक २७ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतबहादुर कार्की,** ०६९-WH-००२६, बन्दीप्रत्यक्षीकरण, *अधिवक्ता पुष्पराज पौडेल वि. बाल सुधार गृह, सानोठिमी, भक्तपुर समेत*

बाल सुधार गृह पनि थुनाकै वैकल्पिक रूप हुँदा मुलुकी ऐन, अ.बं. ११८(२) को उक्त कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा बढीमा ६ महिनासम्म कैद सजाय हुन सक्ने अवस्थाका निवेदक द्वयलाई बालसुधार गृहमा राख्न पठाउने गरी भएको झापा जिल्ला अदालतको मिति २०६९।५।१० को आदेश निवेदकहरूको हकमा त्रुटिपूर्ण रहेको देखिँदा बढीमा ६ महिना कैद सजाय हुने अवस्थाका निवेदकहरूलाई पुर्पक्षको निम्ति थुनामा राख्न पर्ने अवस्था नदेखिँदा निवेदकद्वय जीवन रम्तेल सार्की (परिवर्तित नाम) र प्रित परियार दर्जी (परिवर्तित नाम) लाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५० अनुसार तत्काल निवेदकहरूको आमा बाबुको जिम्मा लगाउनु भनी बाल सुधार गृह सानोठिमीका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल मंसिर १० गते रोज १ शुभम्।

## इजलास नं. ७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. ०६६-WO-०३६७, उत्प्रेषणयुक्त परमादेश समेत, *अययुव हलुवाई वि. हबीउल रहमान शेष समेत*

निवेदकले विपक्षी हबीउल रहमान शेषबाट रू. १३,००,०००।- बिगो र भरिभराउसम्मको साँवा र सोको ब्याज समेत भराई लिन पाउने ठहरी मिति २०५४।३।२४ मा बाँके जिल्ला अदालतबाट फैसला भएको देखिन्छ। सो फैसलाबमोजिमको बिगो भरिभराउको लागि यी रिट निवेदक/वादीले प्रत्यर्थी/प्रतिवादीको घरजग्गा देखाई बाँके जिल्ला अदालतमा निवेदन दिएकोमा सो निवेदन समेतका आधारमा २०५८।९।९ मा पञ्चकृते मूल्याङ्कन भैसकेको कुरा निवेदन लेखबाट देखिन आएको छ। पञ्चकृते मूल्याङ्कन भै बिगो भरिभराउको चरणमा विपक्षी बहार बानो शेष छोराछोरीको संरक्षक बनी ती नाबालकको अंश हक पर सारी पाउन परेको निवेदनमा तहसीलदारबाट भएको आदेश र सो आदेश तहतह सदर भै बिगो भरीभराउन हुन नसकेको देखिन्छ। फैसलाले स्पष्ट रूपमा भरी पाउने भनी ठहर गरेको अवस्थामा सो फैसला कार्यान्वयनमा अवरोध भएमा त्यसले सम्बन्धित पक्षलाई न्याय दिलाउन सक्दैन। अतः स्पष्ट कानूनी त्रुटिको अभावमा

लेनदेन मुद्दाको फैसला कार्यान्वयन हुन नपाउनु न्यायिक क्रिया हुन नसक्ने ।

रिट निवेदकको मागबमोजिम बाँके जिल्ला अदालतका तहसीलदारबाट मिति २०६५।१।६ मा भएको आदेश, जिल्ला न्यायाधीशबाट मिति २०६६।३।५ मा भएको आदेश र पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०६६।५।४ मा भएको अ.बं. ८३ को प्रक्रिया र रीत नपुऱ्याई भएको देखिएकोले उल्लिखित आदेशहरू नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) मा व्यवस्थित उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृतः भीमप्रसाद निरौला

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल असोज २१ गते रोज १ शुभम् ।

## इजलास नं. ८

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको स.फौ.पु.नं. ०६६-CR-०२९१, सवारी ज्यान र सवारी अङ्गभङ्ग, *नेपाल सरकार वि. रूपचन्द्र ओझा*

मुद्दामा वारदात एउटै रहेको र उक्त वारदातमा मोटरसाइकल चालक विपीन श्रेष्ठको मृत्यु भएको र मोटरसाइकलको पछाडि बस्ने प्रतीक्षा सिँह घाइते भएको देखिन्छ । प्रतिवादीको उही कार्य पीडितमध्ये एउटाको सन्दर्भमा दुर्घटना गराउने मनसाय बिनाको होशियारीपूर्वकको र अर्काको सन्दर्भमा बद्नियतपूर्वकको हुनसक्ने समेत हुँदैन । कुनै एउटा कसूरजन्य घटना समष्टिमा कित प्रतिवादीले सावधानीपूर्वक कार्य गर्दागर्दै अप्रत्यासित रूपमा हुन गएको दुर्घटना हुन सक्छ कि भने प्रतिवादीले अपराध गर्ने मनसायले प्रेरित भै गरेको वा निजले तीब्र लापरवाहीले गरेको वा निजले बद्नियत चिताई गरेको कसूरजन्य कार्य हुनसक्छ । एउटै दुर्घटनाजन्य कार्यबाट पीडितमध्ये कसैको हकमा सावधानीपूर्वक सवारी चलाउँदा अप्रत्याशित रूपमा हुन गएको र कसैको हकमा बद्नियतपूर्वकको हुन नसक्ने हुँदा प्रतिवादी रूपचन्द्र ओझालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२ (१) बमोजिम थप ४ वर्ष कैद हुने भन्न नमिल्दा सो हदसम्म शुरूको फैसला केही उल्टी हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल भदौ १४ गते रोज ५ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा. न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६५-RC-००७९, CR-०१९२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सूर्य परियार समेत, सूर्य परियार वि. नेपाल सरकार*

मृतक किसान परियार समेत सँग प्रतिवादीहरूको पुरानो रिइइवी नरहे पनि सोही दिन बिहान मकै खन्न बोलाएकोमा मृतक र निजका दाजु समेत नगएका कारण सोही दिनको रिसइवीले बेलुकी ८ बजेको समयमा पहिला भेषे दर्जी भन्नेकोमा प्रतिवादीहरू र मृतक दाजुभाइबीच वादविवाद र हात हालाहाल भई निज मृतक समेत आफ्नो घर फर्किसकेको अवस्थामा पुनः प्रतिवादीहरू संगठित भई मृतकको घरमा गएको र त्यहीँ कुटपीट गरी चिर्पट, दाउरा र लाठी समेतले प्रहार छाडेको र सोही जरीयाबाट उपचारको क्रममा किसान परियारको मृत्यु भएको देखिन आयो । अतः रामबहादुर परियार र मृतक समेतसँग वादविवाद कुटपीट भै निजहरू आफ्नो घरमा फर्किसकेपश्चात् केही समयको अन्तरालमा प्रतिवादी विनोद गुरुङ र यी पुनरावेदक समेतका प्रतिवादीहरू मृतकको घरमा नै गई सामूहिक रूपमा चिर्पट, दाउरा तथा लाठीले मृतकको

टाउको समेतमा प्रहार गरेको र प्रतिवादीहरूले गरेको प्रहारको कारण मृतकको टाउकोमा चोट लागी मृतकको Cardio Respiratory System Failure भै किसान परियारको मृत्यु भएको देखिँदा उक्त घटना वारदातलाई प्रतिवादी जिकीरकै भरमा मात्र आवेश प्रेरित वा भवितव्य भन्न र मान्न तथा निजहरूलाई उन्मुक्ति प्रदान गर्न न्यायोचित नदेखिँदा यसमा निजको जिकीरअनुरूप ज्यानसम्बन्धीको ५ र ६ अथवा १४ नं. आकर्षित हुन सक्ने देखिएन। प्रतिवादीहरूले वादविवाद परेको केही समयको अन्तरालमा मृतकको घरमा गई चिर्पट, दाउरा र लाठी जस्ता वस्तुले मृतक किसान परियारको टाउको समेतमा गरेको प्रहारबाट निजको मृत्यु भएको पुष्टि हुन आएकोले प्रतिवादीहरूले गरेको उपरोक्त कार्य ज्यानसम्बन्धीको १ नं. को प्रतिकूल भै निजहरूले ऐ. १३(३) बमोजिमको कसूर गरेको देखिँदा ज्यानसम्बन्धीको १३(३) बमोजिम जन्मकैद हुने।

वारदात हुँदाको अवस्था प्रतिवादीहरू १७ वर्षको कलिलो उमेरका व्यक्त भै निजहरूले आरोपित कसूरबाट उन्मुक्ति पाउन छलछाम नगरी अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा समेत घटना सम्बन्धमा यथार्थ व्यहोरा उल्लेख गरी अनुसन्धान कार्यलाई सहयोग पुऱ्याई न्यायिक प्रक्रियालाई सहज तुल्याइएको पाइँदा निजहरूको कलिलो उमेर समेतलाई दृष्टिगत गर्दा कानूनअनुसार ठहरेबमोजिम सजाय गर्दा चर्को पर्ने देखिएकोले निजहरूलाई अ.बं. १८८ नं. बमोजिम १० वर्ष मात्र कैद गर्दा दण्डको प्रयोजन पर्याप्त हुने।

इजलास अधिकृतः हरिराज कार्की
कम्प्युटरः सविना अधिकारी

इति संवत् २०६९ साल असार ३१ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा. न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CR-०२६३, कर्तव्य ज्यान, *पक्के भन्ने छपी धामी वि. नेपाल सरकार*

प्रतिवादीले पुनरावेदन गर्दा मृतकलाई मार्नुपर्नेसम्मको रिसइवी मनसाय नभएको, मृतकले प्रतिवादीलाई नाकमा प्रहार गरेपछि सोही बखत तत्काल उठेको रिसबाट नजिकमा रहेको दाउरा टिपी हिर्काउँदा मृतकको मृत्यु भएकोले ज्यानसम्बन्धी महलको १३(३) नं. आकर्षित हुँदैन। सोही महलको ५ नं. वा १४ नं. आकर्षित हुनुपर्छ भन्ने जिकीर लिएको सम्बन्धमा हेर्दा प्रतिवादी र मृतकसँगै बसी मादक पदार्थ सेवन गरेको र सोही समयमा यी प्रतिवादी समेत घर नगई निज जाहेरवालाको घरमा गई झगडा गरी मृतकलाई लट्ठीले टाउकोमा प्रहार गरेको र सोही चोटको कारणले मृतकको मृत्यु भएकोमा ज्यानसम्बन्धी महलको ५ नं. को भवितव्य र १४ नं. अनुसारको अवस्था विद्यमान नभएको स्थितिमा पुनरावेदकले जिकीर गरेअनुरूप उल्लिखित नम्बरहरू आकर्षित हुने देखिएन। अतः प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्ने गरेको बझाङ्ग जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, दिपायलको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीले मौकामा तथा अदालतमा समेत बयान गर्दा भएको सबै व्यहोरा खुलाई बयान गरी अदालतलाई सहयोग गर्नुका अतिरिक्त प्रतिवादीको अपराध गरेको उमेर समेतलाई मनन् गर्दा निजलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने देखिएकोले निज प्रतिवादी छपी धामीलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम कैद वर्ष १० गर्ने।

इजलास अधिकृतः रामप्रसाद भट्टराई
कम्प्युटरः सविना अधिकारी

इति संवत् २०६९ साल भदौ २० गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा. न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CR-०५४६, कर्तव्य ज्यान, *उमलाल बुढा वि. नेपाल सरकार*

प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा अदालतमा समेत बयान गर्दा आफू र मृतकले सँगै मादक पदार्थ सेवन गरी निजको घरमा गई झगडा गरेको र निजले मृतकलाई हातपात गरी पछारेपछि सोही चोटले भोलिपल्ट अस्पताल लाँदै गर्दा मृत्यु भएको हो भनी बयान गरेको देखिन्छ । शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारणमा "Cause of death multiple organ injury" भन्ने उल्लेख भएको पाइन्छ । प्रतिवादीको मौकाको बयानलाई शव परीक्षण प्रतिवेदन, जाहेरवाला भोलाबहादुर पुन, भूमि बुढा, टंकलाल सुनार समेतको बकपत्रबाट पुष्टि भइरहेको देखिँदा प्रतिवादी उमलाल बुढालाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैद हुने ।
इजलास अधिकृतः रामप्रसाद भट्टराई
कम्प्युटरः सविना अधिकारी
इति संवत् २०६९ साल भदौ २० गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा. न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CR-०९११, जवर्जस्ती करणी, *रमेश लामा स्याङ्तान वि. नेपाल सरकार*

पीडितकी आमा जाहेरवालीले अदालतमा बकपत्र गर्ने क्रममा आफूले अरूले भनेको भरमा जाहेरी दिएको र प्रतिवादीले पीडितलाई जवर्जस्ती करणी नगरेको, आफूले निजलाई धकेल्दा टेबुलको कुनामा लागी पीडितको योनीमा घाउ लाग्न गएको हो भनी बकपत्र गरेको देखिन्छ । जाहेरवाली प्रतिवादीकै घर कोठामा डेरा लिई बस्ने गरेको तथा घटनाको लामो समयको अन्तरालमा हुने मानसिक परिवर्तन, आर्थिक सामाजिक परिवेश, आफ्नी छोरीको भविष्यसम्म इज्जतमा दाग लाग्न सक्ने सम्भावना समेतलाई विचार गर्दा निजले आफ्नो मौकाको किटानी जाहेरी विरूद्ध बकपत्र गर्नुपर्ने अवस्था आएको हुन सक्छ । अन्य प्रमाणबाट प्रतिवादीले पीडितलाई जवर्जस्ती करणी गरेको पुष्टि भइरहेको अवस्थामा केवल जाहेरवालीको प्रतिकूल बकपत्रबाट मात्र प्रतिवादी निर्दोष हुन् भन्न नमिल्ने हुँदा मुद्दा परी अनुसन्धानको क्रममा बयान समेत भइसकेको प्रतिवादी रमेश लामा स्याङ्तानले वर्ष ३ की पीडितालाई जवर्जस्ती करणी गरेको ठहऱ्याई निजलाई जवर्जस्ती करणीको महलको ३ नं. को देहाय १ बमोजिम १० (दश) वर्ष कैद तथा सोही महलको १० नं. बमोजिम रू. ३०,०००।- (तीसहजार) क्षतिपूर्ति भराइ दिनु पर्ने ।
इजलास अधिकृतः रामप्रसाद भट्टराई
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६९ साल भदौ २० गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा. न्या. श्री कमलनारायण दास,** दे.पु.नं. ०६५-CI-०१२३, ०६७-CI-०६५४, लिखत बदर, *सुशीला घिमिरे वि. मेनुका शर्मा समेत, मेनुका शर्मा समेत वि. सञ्जय शर्मा समेत*

पुनरावेदक प्रतिवादीले उल्लेख गरेको मीनबहादुर बस्नेत वि. वेदकुमारी बस्नेत समेत भएको बकसपत्र मुद्दा (*नेकाप* २०५९ नि.नं. ७०८७, पृ.२५४) मा प्रतिपादित सिद्धान्तअनुसार अंशबण्डाको १९(२) नं. का आधारमा आफ्ना पालामा आर्जेको अचल सम्पत्ति आफूखुशी गर्न पाउने हुन्छ भनी जिकीर लिइएको छ, तर आफ्ना पालामा आर्जेको भनी ठोस रूपमा प्रमाणित हुन नसकेको अवस्थामा दावी लिनु मात्र पर्याप्त हुँदैन । अपितु सगोलको वा पैतृक सम्पत्तिको जरियाबाट प्राप्त गरेको होइन, आफैंले थप आर्जन गरेको हो भनी प्रमाणित गर्न सक्नु पर्छ । तर यस्तो कुनै प्रमाण प्रतिवादीबाट आउन सकेको नदेखिँदा प्रतिवादी सञ्जय शर्माले राजीनामा गरिलिएको घरजग्गा प्र. सुशीला घिमिरेले खरीद गरेको देखिए पनि आफ्नो पालाको आर्जन हो भनी पुष्टि गर्न नसकेकोमा सगोलको आर्जन मान्नुपर्ने

हुँदा अंशबण्डाको १९(१) नं. अनुसार सञ्जय शर्माका २१ वर्ष ननाघेका छोरीहरूको मञ्जूरी लिनुपर्ने व्यवस्था नहुँदा वादी मुन्नी शर्माको हकसम्मको ७ भागको १ भाग लिखत बदर हुने ।

इजलास अधिकृतः महेन्द्र पोखरेल
कम्प्युटरः धनबहादुर गुरुङ
इति संवत् २०६९ साल कात्तिक २६ गते रोज १ शुभम् ।

- यसै लगाउको दे.पु.नं. ०६७-CI-०६५३, अंश, *मेनुका शर्मा समेत वि. सञ्जय शर्मा* मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## रायबाझी आदेश

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** ०६९-WH-००१२, बन्दीप्रत्यक्षीकरण समेत, *निर्मलकुमार पाण्डे समेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत*

**मा.न्या.श्री रामकुमार प्रसाद शाहको रायः**

दुई पक्ष बीचको लेनदेनको विषयमा निवेदकलाई झिकाउने र तारिखमा राख्नेलगायतको कारवाही गर्न पाउने अधिकार कुनै कानूनले प्रमुख जिल्ला अधिकारीलाई प्रदान गरेको पाइँदैन । निज निवेदकलाई थुनामा राखेको, नराखे पनि गैरकानूनी अधिकारक्षेत्र ग्रहण गरी लेनदेन मुद्दाको कारवाहीको लागि तारिखमा राखेको समेत कार्यबाट अधिकारक्षेत्रको अतिक्रमण गरी कामकारवाही गरेको स्पष्ट देखिएको प्रमुख जिल्ला अधिकारीको सो कार्य प्रारम्भदेखि नै अधिकारक्षेत्रविहीन देखिने ।

लेनदेन विषयको कारवाहीमा निवेदकलाई पक्राउ गर्ने, झिकाउने तारेखमा राख्नेलगायतको कुनै पनि कार्य नगर्नु भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेतको नाममा आदेश जारी हुने ।

**मा.न्या. श्री भरतराज उप्रेतीको फरक रायः**

निर्मलकुमार पाण्डे समेतको हकमा निवेदन गर्ने निवेदक स्वयं अधिवक्ता रामकृष्ण भण्डारीले पनि बहसको क्रममा निवेदकहरू हाल थुनामा नरहेको भनी व्यक्त गरेको समेत हुँदा निवेदकहरू हाल गैरकानूनी थुनामा नरहेको अवस्था देखियो । थुनामा नै नरहेको अवस्थामा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न परेन । रिट खारेज हुने ठहर्छ । त्यस्तै बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भनी परेको निवेदन खारेज हुने ठहर भइसकेको र बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भनी परेको निवेदनबाट लेनदेनका विषयमा आदेश जारी गर्न समेत नमिल्ने हुँदा लेनदेनतर्फ कुनै कारवाही नगर्नु भनी छुट्टै आदेश जारी गरिरहन नपर्ने ।

सहयोगी माननीय न्यायाधीशको फरक राय रहेकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेश गर्नु ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६९ साल भदौ ७ गते रोज ५ शुभम् ।

## रीत/वेरीत आदेश

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-RE-०१५६, उत्प्रेषणयुक्त परमादेश, *नीलमतारा तुलाधर वि. विश्वनिकेतन उच्च मा.वि., त्रिपुरेश्वर काठमाडौं समेत*

यसमा पेश भएको प्रतिवेदनसहितको मिसिल अध्ययन गरियो । निवेदनसँग सम्बन्धित रिट नै मिति २०६९।५।१३ मा जारी भैसकेको भन्ने प्रतिवेदन व्यहोराबाट देखिँदा अब केही निकास दिइरहन परेन, कानूनबमोजिम गर्नु भनी पुनरावेदन

अदालत, पाटनमा लेखी पठाउनू । साथै कैफियत प्रतिवेदन पठाउँदा अब आइन्दा रजिष्ट्रार स्वयंले प्रतिवेदन गर्ने गर्नु, सो कुरामा ध्यानाकर्षणको लागि पुनरावेदन अदालत, पाटनका मुख्य न्यायाधीशलाई लेखी पठाउनू ।

इति संवत् २०६९ साल पुस २० गते रोज ६ शुभम् ।

२

**स.प्र.न्या. श्री खिलराज रेग्मी,** नि.नं. ०६९-AP-०२३८, उत्प्रेषण, *रविलाल न्युरे वि. चितवन जिल्ला अदालत समेत*

श्री रजिष्ट्रार के,

यसमा निवेदकले माग गरेको विषयमा मुद्दा अन्तिम फैसला हुँदाका बखत सबूद प्रमाणको मूल्याङ्कन गरी निराकरण हुन सक्ने नै देखिएकोले तल्लो तहको अदालतबाट कानूनबमोजिम गरिने न्याय सम्पादनको कार्य प्रभावित हुने गरी यस अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग गरी हस्तक्षेप गर्नु उपयुक्त नदेखिँदा मिति २०६९।८।१८ मा भएको दरपीठ आदेश कानूनसम्मत नै भएकोले कुनै परिवर्तन गर्नुपर्ने देखिएन, कानूनबमोजिम गर्नु ।

इति संवत् २०६९ साल पुस २२ गते रोज १ शुभम् ।

**न्याय प्रशासनसँग सम्बन्धित विविध गतिविधिका साथ नेपाल टेलिभिजनबाट पाक्षिक रुपमा प्रसारण हुने**

**"हाम्रो अदालत"**

**कार्यक्रम हेर्न नभुलौं**

**सोमबार बेलुकी ९.३० बजे**
**पुनः प्रसारण मंगलबार दिउँसो २.३० बजे**

**मेलमिलाप गरौं, विवाद नबढाऔं**
**- सर्वोच्च अदालत, मेलमिलाप समिति**